# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी..( बर्दघाट सुस्ता पूर्व ) जिल्ला
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६, ५७५०१०
Website: www.devchulimun.gov.np


प.सं.०७५।७६
च. नं.

मिति :- २०७५।१२।१९

## प्रेस विज्ञप्ति

आज मिति २०७५।१२।१८ गते देवचुली नगर कार्यपालिकाको नियमित कार्यपालिका बैठक सम्पन्न भयो । कार्यपालिका बैठकले विभिन्न २६ वटा कार्यसूचीमा सौहार्दपूर्ण तरीकाले छलफल गरी निर्णय गरेको छ । कार्यपालिका बैठकमा समय व्यवस्थापन, वडा कार्यालय निर्माण तथा व्यवस्थापन, सार्वजनिक/ सरकारी/ प्रति जग्गाको लगत संकलन, संरक्षण एंव संवर्धन गर्ने, देवचुली नगर भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सामाजिक र नैतिक शिक्षा अनिबार्य गरी नेपाली भाषामा अध्ययन अध्यापन गर्ने, देवचुली नगरपालिकाको शिक्षा सम्बन्धी दीर्घकालिन सोंचसहितको शिक्षा नीति निर्माण गर्ने, देवचुलीका प्रत्येक विद्यालयमा बालउद्यान निर्माण गर्ने निर्णयहरु भएका छन् । यसैगरी देवचुली नगरपालिकाका प्रत्येक वडाहरुमा प्रत्येक वर्ष कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्ने, नगरपालिकाका महत्वपूर्ण एंव दीर्घकालिन महत्वका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गर्ने, हावाहुरी तथा बर्षा याममा हुनसक्ने सम्भावित विपद्को पूर्वतयारीको लागि आवश्यक तालिम सहित विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्था गर्ने लगायतका विषयमा निर्णय भएको छ । विगतमा भएका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अबस्थामा समेत छलफल भयो । नगरपालिकाको काम कारवाही पारदर्शी, उत्तरदायी र जबाफदेही बनाई सर्वसाधरणमा सूचनाको पहुँच पु-याउन प्रत्येक ३/३ महिनामा यस कार्यालयबाट भए गरेका कामहरुको विवरण नगरपालिकाको वेबसाईटमा समेत राखिएको छ । नगरपालिकाबाट निर्माण हुने ऐन,नियम एंव कार्यविधिहरुका मस्यौदाहरुमा समेत विषयबिज्ञ एंव सर्बसाधारणहरुको सुझाबको लागि मस्यौदा कानूनको छुट्टै पोर्टल बनाई वेबसाईटमा राखिने छ ।

कार्यपालिका बैठक नगर प्रमुखको अध्यक्षतामा संचालन भै बैठकमा नगर उप प्रमुख, सबै वडाका वडा अध्यक्षहरु र कार्यपालिका सदस्य ज्यूहरु लगायत शाखा प्रमुखहरुको समेत उपस्थिती थियो । बैठकको विषयबस्तुको छलफलका क्रममा प्रमुख प्रशासकीय अधिकृतबाट थप प्रष्ट पारिएको थियो । यस विषयमा थप जानकारी चहिएमा यस नगरपालिको website: www.devchulimun.gov.np हेर्नुहुन वा नगरकार्यपालिकाका प्रवक्ताको फोन नं. ९८४७४१५९२१ मा समेत सम्पर्क राख्नुहुन सादर जानाकारी गराईएको छ ।

...............................
क्या. डिल बहादुर खत्री
प्रवक्ता , नगरकार्यपालिका
देवचुली नगरपालिका

ईमेल : devchulimunicipality@gmail.com

Scanned by CamScanner